annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६०, पृष्ठ ८ | काठमाडौं, सोमबार २७ असोज २०८२ | कार्तिक कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४२ | MONDAY, OCTOBER 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## विश्वभरका नेपालीको एउटै आशा र प्रार्थना

# 'विपिन सकुशल फर्किऊन्'

हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपिन जोशी सुरक्षित रिहाइ हुन्छन् भन्नेमा विश्वभरका नेपाली समुदाय आशावादी छन् । बन्धक रिहाइको खबर सार्वजनिक भएदेखि नै विपिन सुरक्षित फर्किन्छन् भन्नेमा सम्पूर्ण नेपालीलाई चासो र चिन्ता उत्तिकै छ । इजरायललगायत विभिन्न देशमा आयोजित प्रार्थना सभा र समर्थन सन्देशहरूमार्फत नेपाली ऐक्यबद्ध भएर विपिनको सुरक्षित रिहाइको कामना गरिरहेका छन् । सबैको एउटै कामना छ, 'विपिन जोशी सकुशल फर्किऊन् ।'

समाचार पृष्ठ २

**खेमराज जम्मर कट्टेल** | *तेल अभिव*

– को रिपोर्ट




## त्रिविको अर्बौंको जग्गा दुरुपयोग



**काठमाडौं** (अन्नपूर्ण) : त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन सार्वजनिक गरिएको छ। प्रतिवेदनमा त्रिविको अर्बौंको जग्गा र सम्पत्तिको दुरुपयोग भएको उल्लेख छ। विभिन्न सरकारी र गैरसकारी संस्थाले त्रिविको जग्गा एवं सम्पत्ति अनधिकृत रूपमा प्रयोग गरिरहेको पाइएको छ।

कीर्तिपुरस्थित लेबोरेटरी माध्यमिक विद्यालयले करिब १ सय ०९ रोपनी जग्गा र राधास्वामी सत्संग व्यास नेपालले १५ रोपनी जग्गा अवैध रूपमा कब्जा गरेको छ। त्रिविको दुई हजार बढी रोपनी जग्गामा निजीदेखि धार्मिकसम्मका १८ वटा संघसंस्थाले मनपरी प्रयोग गरेका छन्। नैकापस्थित जग्गा, ललितपुरको लुभुस्थित त्रिविको जग्गा पनि दुरुपयोग भएको प्रतिवेदनमा छ। प्रतिवेदनमा त्रिविकटो स्वामित्वमा कीर्तिपुर परिसर, काठमाडौं उपत्यका र उपत्यकाबाहिरका विभिन्न क्याम्पसहरू गरी हजारौं रोपनी जग्गा रहेको उल्लेख छ।

अतिक्रमित जग्गा तत्काल फिर्ता गराउन आवश्यक निर्णय लिई कार्यान्वयनमा लैजाने सुझाव प्रतिवेदनमा छ। त्यस्तै, अवैध कार्यमा संलग्न व्यक्ति तथा निकायमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मार्फत छानबिन गरी कानुनी कारबाही अगाडि बढाउन पनि समितिले सुझाएको छ। त्रिविलाई बलियो स्वायत्त संस्थाका रूपमा स्थापित गर्न नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

महेन्द्रकुमार थापाको संयोजकत्वमा रहेको यो समितिले २०८१ मंसिर १४ गते यो प्रतिवेदन सरकारलाई बुझाएको थियो। तर, अपुरो भनेर त्यस बेलाको सरकारले सार्वजनिक गरेको थिएन। यो समितिमा जानकी बल्लभ अधिकारी, प्रा.डा. प्रेमसागर चापागाई सदस्य थिए भने सुशीला अधिकारी सदस्यसचिव थिइन्। पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा यो समिति बनेको थियो। बालुवाटारस्थित ललिता निवासको जग्गा छानबिन समितिका संयोजक भएर काम गरेका त्रितालालाई त्रिविको जग्गा खोज्ने जिम्मा पनि दिइएको थियो तर उनी बिरामी भएपछि थापा संयोजक थिए।

# एकै सिजनमा लाप्राकका १० ले गरे मनास्लु आरोहण

**शिव उप्रेती** | *गोरखा*

आरोहीको गाउँ भनेर परिचित गोरखाको लाप्राकका १० जनाले यो सिजनमा मनास्लु हिमाल आरोहण गरेका छन्। आरोहण संस्कृतिलाई बढवा दिइरहेको धार्चे गाउँपालिका-४ लाप्राकका १० जनाले विश्वको आठौं, नेपालको सातौं अग्लो मनास्लु हालसालै आरोहण गरेका हुन्। स्वदेशी, विदेशी गरी ३ सय ७४ जना आरोहीले मनास्लु आरोहण गर्न अनुमति लिएकामा लाप्राक एउटै गाउँका १० जनाले सफल आरोहण गरेका आरोही तुलसिङ गुरुङले जानकारी दिए।

उनका अनुसार लाप्राकका बुद्ध गुरुङ, सन्दीप गुरुङ, सुजन गुरुङ, तिरज गुरुङ, इमान गुरुङले यो सिजनका विभिन्न मितिमा मनास्लु आरोहण गरेका हुन्। त्यस्तै, रामबहादुर गुरुङ, पूर्ण गुरुङ, आशिष गुरुङ, डम्बर गुरुङ र सुजल गुरुङले यो सिजनमा मनास्लु आरोहण गरेका उनको भनाइ छ।



मनास्लु आरोहण गर्दै आरोही ।

धार्चे गाउँपालिकाबाट अरू दुई जनाले पनि यो सिजनमा मनास्लु आरोहण गरेका छन्। धार्चे २ रुन्चेतका नवराज गुरुङ र सोही वडाको केरौंजाका हरिबहादुर गुरुङले पनि यही सिजनमा मनास्लु आरोहण गरेका हुन्।

सोलुखुम्बुका शेर्पा समुदायपछि सबैभन्दा धेरै हिमाल आरोहण गर्नेमा गोरखा लाप्राकका गुरुङ समुदाय छन्। उनीहरूले विभिन्न कम्पनीमा आबद्ध भई गाइड तथा शेर्पा बनेर हिमाल आरोहणलाई व्यावसायिकता अपनाउन थालेका आरोही तुल्सिङ गुरुङको भनाइ छ। आरोहणलाई व्यवसायका रूपमा अपनाउनेहरूलाई प्रोत्साहन गर्न गाउँपालिका तथा धार्चेका सामाजिक संघसंस्थाहरूले हिमाल आरोहीहरूलाई समय समयमा अभिनन्दन गर्ने गरेको छ।

मनास्लु गोरखाको चुमनुब्री गाउँपालिका-१ मा अवस्थित ८,१६३ मिटर अग्लो हिमाल हो। यसलाई किलर माउन्टेन भनेर पनि चिनिन्छ।

## अफगानिस्तान-पाकिस्तान सीमामा गोलीबारी

**काबुल** (एजेन्सी) : यस साता काबुलमा भएका शक्तिशाली विस्फोटपछि अफगान तालिबानले पाकिस्तानी सीमा चौकीमा आक्रमण गर्दा पाकिस्तान-अफगानिस्तान सीमामा गोलीबारी भएको छ।

तालिबानको रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै विस्फोटका लागि पाकिस्तानलाई दोष दिएको छ। तालिबानले पाकिस्तानी सेनालाई परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ। तर, पाकिस्तानले स्पष्ट प्रतिक्रिया दिएको छैन।

रोयटर्सले दुवै देशका सुरक्षा अधिकारीलाई उद्धृत गर्दै शनिबार राति सीमाका धेरै स्थानमा भीषण झडप भएको बताएको छ। पाकिस्तानी सुरक्षा अधिकारीले अफगानिस्तानबाट भएको बिनाउक्साहट गोलीबारीको जवाफ पूर्ण शक्तिका साथ दिइरहेको बताएका छन्। सीमामा ६ भन्दा बढी स्थानमा गोलीबारी भएको उनीहरूले उल्लेख गरेका छन्।

तालिबान सेनाले तीन पाकिस्तानी सीमा चौकी कब्जा गरेको दाबी गरेको छ भने पाकिस्तानी सुरक्षा अधिकारीले आफ्नो सेनाले धेरै अफगानी चौकी ध्वस्त पारेको बताएका छन्।

# भेपभित्र सुन, सुनभित्र सन्देह

## राजनीतिमा सुनको सुनामी, महरा फेरि पक्राउ

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विद्युतीय चुरोटको मुस्लो धूवाँ राजनीतिक वृत्तसम्म मडारिँदै फेरि पुगेको छ। नेपालीले हतपति नसुनेको 'भेप' शब्द पछिल्लो समय भने 'सुन' र 'सत्ता' सँग जोडिएको छ। त्यही भेपको धूवाँको रेखा पछ्याउँदै प्रहरीले माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरालाई देस्रोपल्ट नियन्त्रणमा लिएको छ।

त्रिभुवन विमानस्थल हुँदै आएका भेपका बट्टाभित्र सुन लुकाइएको रहस्य २०७९ पुसमा उदांगिएको थियो। त्यसमै महराको संलग्तालाई लिएर दोहोर्‍याई-तेहोर्‍याई अनुसन्धान भइरहेको छ। सशस्त्र संघर्षका वेला वार्ता टोलीको संयोजकको भूमिकाबाट राष्ट्रिय राजनीतिमा उदाएका महरा पछिल्ला वर्षहरूमा पटक-पटक विवादित पात्र हुन्। यसैबीच अहिले 'भेप' प्रकरणले उनलाई फेरि केन्द्रमा ल्याएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि यही प्रकरणमा केही दिनअघि उनलाई बयान लिएको थियो। दुई निकायले एउटै मुद्दाको डोरी समातेपछि यो अनुसन्धान केवल कानुनी होइन, राजनीतिक तापक्रम मापन गर्ने सूचकसमेत बन्न पुगेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले महरालाई भन्सार छली र संगठित



अपराधको आरोपमा पक्राउ गरेको हो। प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठका अनुसार उक्त भेपभित्र ८ करोड ५५ लाख २८ हजार रुपैयाँ बराबरको सुन लुकाइएको थियो। त्यो त्रिभुवन विमानस्थल भन्सार कार्यालयका नायब सुब्बा रेवन्त खड्कामार्फत बेचबिखन गरी आपराधिक लाभ लिइएको देखिएको छ। ६८ वर्षीय महरामाथि थप अनुसन्धान भइरहेको श्रेष्ठले जानकारी दिएका छन्।

भेपभित्र लुकाएर ल्याइएको सुनकै अनुसन्धानका क्रममा प्रहरी टोलीले २०८० चैत ५ गते रुपन्देहीबाट महरालाई पक्राउ गरेको थियो। तर, चार दिनमै उनी हाजिरी जमानीमा रिहा भएका थिए।

**के हो घटना ?**

२०७९ पुस १० गतेकै दिन चिनियाँ नागरिक ली हानसोङ फ्लाइ दुबईको उडान नम्बर एफजेड ०५८७ बाट काठमाडौं आइपुगेका थिए। उनले ल्याएको भेपको ७३ बट्टा (७३० थान) मा करिब ९ किलो सुन लुकाइएको थियो। जाँचपासका क्रममा शंकास्पद देखिएपछि भेप भन्सार गोदाममा राखेर अनुसन्धान गरिएको थियो। डेढ महिना गोदाममै राखिएको त्यो सामान त्यतिबेला भन्सार प्रशासक अरुण पोखरेलको जिम्मामा थियो।

अनुसन्धानमा महरा पिता-पुत्रले भेप छुटाउन भन्सार कर्मचारी र बिचौलियासँग पटक-पटक सम्पर्क गरेको तथ्य फेला परेको छ। सुन गायब गराउने प्रयाससमेत भएको देखिएपछि सीआईबीले अनुसन्धान जिम्मा लिएर फाइल खोलेको थियो। त्यस क्रममा महराले २२ पटक र उनका छोरा राहुलले २३४ पटक फोन सम्पर्क गरेको विवरण प्रहरी अनुसन्धानमै समावेश छ।

२०८० असोज २४ गते सीआईबीले अनुसन्धान सकाएर राहुल महरासहित चार जनाविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा मुद्दा दायर गर्‍यो। प्रतिवादीमा लोकेन्द्रकुमार पौडेल, बेल्जियम घर भई काठमाडौं बस्ने दावा छिरिङ र निमा गुरुङ परे।

पछि, २०८१ पुस १९ गते भेपमार्फत सुन तस्करी गरेको आरोपमा पक्राउ परेका ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा पनि दायर गरियो। सम्पत्ति शुद्धीकरण विभागको प्रतिवेदनका आधारमा सरकारी वकिलको कार्यालयले राहुल महरासहित तत्कालीन नासु रेवन्त खड्का, दिनेश खड्का, रोजन राउत, अमृत कार्की, रामकेशव थापा क्षेत्री, ललित थापा, वेदप्रकाश अग्रवाल, भारतीय नागरिक साहेब राव पाण्डुरङ मगर, बेल्जियम नागरिक दावा छिरिङ र प्रेरणा राउतलाई प्रतिवादी बनाइएको थियो।

तर, त्यो चरणसम्म पुग्दा नेता महरामाथि भने मुद्दा चलाइएको थिएन। अहिलेको पक्राउसँगै यो प्रकरणले फेरि नयाँ मोड लिएको छ, जहाँ राजनीतिक सत्ताको छायाँ र सुनको चमक एउटै कथामा मिसिएको छ।